# सुइता सिटी बहुसांस्कृतिक वान स्टप परामर्श केन्द्र

## आगलागी नहोस् भनेर सतर्क रहौं।

## 火災が起こらないように気をつけましょう

【विषयवस्तु】

■ घरमा आगोको अलार्म जडान गरौं।

सुत्ने कोठामा जडान गर्न आवश्यक छ। कोठाको स्थान अनुसार, सिँढीमा पनि जडान गर्न आवश्यक **पर्न सक्छ**। सबै **घरमा जडान** गर्नु अनिवार्य छ। भान्सामा जडान गर्नु अनिवार्य छैन, तर हामी यसलाई सिफारिस गर्छौं।

■ घरको आगलागी रोक्नका लागि

दैनिक बानी-व्यवहार र घरमा अपनाइने उपायहरूबाट आगलागी रोकौँ।

・स्टोभको नजिक सजिलै बल्ने सामानहरू नराख्नुहोस्।

・बेडका सामान र पर्दा आगो-प्रतिरोधी सामग्री प्रयोग गर्नुहोस्।

■आगजनी रोकथाम काम गरौं

・गोदाम वा ग्यारेज बन्द गर्नुहोस्, बाहिरको बत्ती बाल्नुस्, र घर वरिपरि उज्यालो राख्नुस्।

・घर वरिपरि कार्टुन जस्ता सजिलै बल्ने सामानहरू नराख्नुस्।

・अपार्टमेन्ट भवनहरू आदिको साझा क्षेत्रहरूमा सामानहरू नराख्नुहोस्।

・फोहोर संकलन गर्ने दिनको बिहान आफ्नो फोहोर बाहिर निकाल्नुहोस्।

■ सोधपुछ

फायर विभाग कार्यालय (Shobo honbu) सामान्य मामिला र रोकथाम कार्यालय( Somu yobo shitsu)

फोन : 06-6193-1116

यदि तपाई सँग कुनै प्रश्नहरू छन् भने, कृपया सुइता सिटी बहुसांस्कृतिक वन-स्टप परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस्।